<u>बोलपत्र आव्हानको सूचना</u>

नेपाल सरकार

प्रवन्धरथी बिभाग (खाद्य र परिवहन) जंगी अड्डा

<u>फौज तथा सामान ढुवानी सम्बन्धी सिलबन्दी बोलपत्र</u>

<u>आब्हानको सूचना नं.०७</u>

<u>(प्रथम पटक प्रकाशित मिति २०६९/०१/२७ गते ।)</u>

१. ढुवानी सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायमा दर्ता भएका ढुवानीकर्ताहरुबाट आ.ब. ०६९/७० (२०६९ श्रावण १ गतेदेखि २०७० आषाढ मसान्तत्क) बर्ष १ (एक) को लागि नेपाली सेनाका विभिन्न स्थानहरुमा फौज तथा सामानहरु सिभिल बस/ट्रक/कन्टेनरबाट ढुवानी गर्नु पर्ने भएको हुंदा ईच्छुक सम्बन्धित ईजाजत प्राप्त ढुवानीकर्ता फर्म/संस्था/कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही ढुवानीको शिलबन्दी बोलपत्र आब्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

२. **<u>वोलपत्र खरिद कर्ताले लिखित निवेदन सहित निम्नानुसारको कागजातको प्रतिलिपि पेश गरेर मात्र वोलपत्र खरिद गर्न सक्नेछ:</u>**

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

(ख) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(ग) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।

(घ) व्यवसाय इजाजत पत्र (ढुवानी सम्बन्धी अनुमति-पत्र) को प्रतिलिपि ।

३. **<u>वोलपत्रदाताहरुले वोलपत्र पेश गर्दा वोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजातहरु</u>**

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

(ख) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(ग) फर्म/संस्था/कम्पनी दर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।

(घ) व्यवसाय इजाजत पत्र (ढुवानी सम्बन्धी अनुमतिपत्र-को प्रतिलिपि, (नविकरण गर्नु पर्ने अवस्था भए नविकरण सहितको) ।

(ङ) आ.ब.०६७/६८ को आषाढ मसान्तसम्मको आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्र वा कर विवरण पेश गरेको कागजात वा कर विवरण पेश गर्न म्याद थप गरेको पत्रको प्रतिलिपि ।

(च) वोलपत्रदाताले ढुवानी कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित ढुवानी कार्यमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र ।

(छ) संयुक्त रुपमा काम गर्न चाहने बोलपत्रदाताले संयुक्त उपक्रम सम्वन्धी सम्झौता वनाई पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा काम गर्ने बोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियम (१), (२), (६) र (७) मा तोकिएको शर्त तथा दायित्व वहन गर्नु पर्ने भएकोले संयुक्तरुपमा काम गर्ने वोलपत्रदाताले संयुक्त उपक्रम बनाई उक्त कागजातमा उपक्रममा रहने मुख्य साझेदारको हिस्सा र अन्य साझेदारको न्युनतम हिस्सा (योग्यता) खुलाई बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(ज) बोलपत्रदाताले रु.५०,०००/- (पचास हजार) वरावरको रकम यस विभागले नेपाल राष्ट्र बैंक थापाथलीमा खोलेको धरौटी खाता नं.१३२००२/०६८ मा जम्मा गरेको सक्क्लै बैंक भौचर वा सो बराबरको रकमको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकवाट यस विभागको नाममा जारी भएको बोलपत्र जमानत (बैक ग्यारेन्टी) पेश गर्नु पर्नेछ । उक्त जमानतको मान्य अवधि वोलपत्र पेश गर्न तोकिएको अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको हुनु पर्नेछ ।

४. **<u>वोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु</u>**

(क) सम्बन्धित व्यक्ति फर्म/कम्पनी/संस्था आफैले खरिद गरेको बोलपत्र सम्बन्धी कागजात पूर्ण रुपमा भरी पेश गर्नु पर्नेछ ।

(ख) वोलपत्रदाताले वोलपत्र फाराममा कुल दररेट भर्दा मुल्य अभिबृद्धि कर बाहेकको प्रति ट्रिप दर अंक र अक्षरमा केरमेट नगरी प्रस्ट रुपमा भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५. **<u>वोलपत्रदाताले ध्यान दिनु पर्ने कुराहरु</u>**

(क) बोलपत्र फाराम श्री जिल्ला प्रशासन कार्यालय, बवरमहल काठमाण्डौं, श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं र यस विभागवाट सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिन अर्थात २०६९/०२/२५ गतेको कार्यालय समयसम्म प्रति बोलपत्र फाराम दस्तुर रु.१,०००। (एकहजार) पछि फिर्ता नहुने गरी खरिद गर्न सकिने छ । खरिद भएका वोलपत्रहरु ३१ औं दिन अर्थात २०६९/०२/२६ गतेको १२०० बजेसम्म वा सो भन्दा अगावै बिदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिन यस विभागमा मात्र दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका वोलपत्रहरु मिति २०६९/०२/२६ गतेको १३०० बजे वोलपत्र खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, वोलपत्रदाता वा निजले अख्तियार गरेको प्रतिनिधिहरुको रोहवरमा यस विभागमा खोलिनेछ । वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि उक्त वोलपत्र खोल्न बाधा पुग्ने छैन । वोलपत्र खोल्ने दिन कुनै सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा वोलपत्र खोलिनेछ ।

(ख) कुनै वोलपत्रदाताले यस सूचनाको दफा २ को उपदफा (क),(ख),(ग) र (घ)मा तोकिएको प्रमाण-पत्रहरुको प्रतिलिपि संलग्न राखी तोकिए बमोजिमको वोलपत्रको दस्तुर लाग्ने हुलाक वा कुरियर महशुल तिरी वोलपत्र सम्बन्धी कागजात माग गरेमा हुलाक वा कुरियर मार्फत वोलपत्र सम्बन्धी कागजात पठाईने छ, तर सो कागजात यस विभागमा समयमा नै प्राप्त हुन नआएमा यस विभाग जवाफदेही हुने छैन ।

(ग) यो ठेक्का नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ र ढुवानी सम्झौता अवधिभर मुल्यबृद्धि दिईने छैन ।

(घ) यस सुचना तथा यसै सम्वन्धी बोलपत्र फाराममा उल्लेख भएजति कुरामा सोही बमोजिम र अन्य कुराहरुको सम्वन्धमा नेपाल सरकारको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम हुनेछ ।

६. **<u>वोलपत्रको मान्य हुने अवधी:</u>** बोलपत्र पेश गर्न तोकिएको अन्तिम मितिबाट ९० दिनसम्म कायम रहनेछ ।

७. सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ बमोजिम रित नुपुगी वा म्याद नांघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. बोलपत्रदाताहरुलाई बोलपत्र सम्वन्धी कागजात र ढुवानी सम्वन्धी अन्य कुराहरु जानकारी गराउने उद्देश्यले सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५२ बमोजिम मिति २०६९/०२/१६ गतेको ११३० वजे यस विभागमा वोलपत्र पेश गर्नु पूर्वको बैंठक तथा अन्तरक्रिया कार्यक्रमको आयोजना हुने भएकोले बोलपत्रदाताहरुले उक्त बैंठकमा उपस्थित भई प्रश्न वा जिज्ञासा राख्न सक्नेछ ।

९. स्वीकृत बोलपत्रदातालाई जुनसुकै समयमा वा पटक पटक गरी वा एक मुष्ट परिमाणमा ढुवानी अर्डर दिईनेछ । मण्डेज अनुसारको फौज तथा सामानहरु यस विभागले तोकेको स्थानहरुमा समयमा नै सुरक्षित तबरवाट ढुवानी गर्नु पर्नेछ ।

१०. अन्य जुनसुकै कुरा लेखिएको भएता पनि बैंक वा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले कालो सूचिमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो कालो सूचिमा कायम रहेको अवधिभर ढुवानी कारवाहीमा भाग लिन सक्नेछैन ।

११. खाली खाम, बैंक जमानत संलग्न नभएको, वोलपत्र नै नभरेको वा दर कवोल नगरी खाली वोलपत्र पेश गर्ने तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ मा उल्लेखित आचरणको विपरीत कार्य गर्ने बोलपत्रदातालाई कालो सूचिमा राख्न सिफारिस गरिनेछ ।

१२. यस सूचनालाई नेपाली सेनाको **Web Site: www.nepalarmy.mil.np** मा समेत राखिएको छ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस विभागमा वा यस विभागको फोन नं. ४२४१७३५ मा सम्पर्क राखी बुझ्न सकिने छ ।